# जयपृथ्वी नगरपालिकाको
# आपतकालीन बाल कोष सञ्चालन कार्यविधि - २०७९

पारित मिति : २०७९-०५-२०

## आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि जयपृथ्वी नगरपालिका द्धारा जारी गरिएको आपतकालीन बालकोष सञ्चालन कार्यविधि - २०७९

जयपृथ्वीनगरपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि नेपालको संविधान २०७२ को भाग १८ अर्न्तगतको धारा २२६ बमोजिम गाउँसभा तथा नगरसभाले स्थानिय तहको अधिकार क्षेत्रसगँ सम्बन्धीत बिषयमा कानुन बनाउन सक्ने व्यवस्था तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ मा भएको थप व्यवस्था अनुसार , नेपालको बालबालीका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६- बालअधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था अर्न्तगर्तको दफा ६३ बाल कोष को उपदफा (१) बमोजिम बालबालिकालाई तत्काल उद्दार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्नेकाम समेतका लागि एक बाल कोष रहने मर्म बमोजिम स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालबालिकाको हितकालागि परिचालन गर्न जयपृथ्वीनगर कार्यपालिकाले नगरपालिका स्तरिय बाल अधिकार समितिले नगरपालिका स्तरीय आपतकालिन बाल कोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष सञ्चालन गर्न देहाय बमोजिमको कार्यविधि २०७९ स्वीकृत गरी लागु गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम “ आपतकालिन बाल कोष संचालन कार्यविधि - २०७९” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागू हुनेछ ।

### २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) “कोष” भन्नाले यस कार्यविधिको ३ नं. बुंदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगरपालिका स्तरीय आपतकालिन बाल कोष सम्झनुपर्दछ ।

ख) नगरपालिकास्तरिय बाल अधिकार समिति भन्नाले जयपृथ्वी नगरपालिका भित्र गठित बाल अधिकार समितिलाई बुझ्नुपर्दछ ।

ख) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधिको ११ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

ग) "सञ्चालक समिति" भन्नाले कार्यविधिको ६ नं. बुंदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. आपतकालिन बालकोषको उद्देश्य**

१) आपतकालिन तथा जोखिमको अवस्थामा रहेका बालबालिकाहरुको उद्दार गर्ने,

२) आपतकालिन तथा जोखिमको अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

३) आपतकालिन तथा जाखिममा रहेका बालबालिकाहरुलाई पारिवारिक पुर्नस्थापना गर्ने,

४) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

५) आपतकालिन तथा जोखिमको अवस्थामा रहेकका बालबालिकाहरुलाई बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

**४. कोषको स्थापनाः-**

१) जयपृथ्वीनगरपालिका अर्न्तगतको नगरपालिका स्तरिय बाल अधिकार समितिको बैठकबाट सिफारिस भई नगरकार्यपालिकाको बैठकले स्वीकृत गरि जोखिम वा आपतकालीन अवस्थामा रहेका नगरपालिका भित्रका बालबालिकाको संरक्षण गर्न नगरपालिकामा आपतकालिन बाल कोषको स्थापना गरिएको हुनेछ ।

२) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क)जयपृथ्वी नगरपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ख) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

**५. कोषमा रकम जम्मा गर्न सक्ने :** बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही नगरपालिका सँग सहकार्य गर्न चाहने अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

**६. सञ्चालक समितिको गठनः-** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको नगर तथा वडा  सञ्चालक समिति रहनेछ ।

**१) नगर सञ्चालक समिति**

क) उपमेयर - संयोजक

ख) नगरपालिका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग) नगरपालिका स्तरीय बाल अधिकार समिति प्रतिनिधि - सदस्य

घ) नगर स्तरिय बाल सञ्जाल प्रतिनिधि - सदस्य

ङ) नगरपालिकाको महिला तथा बालबालिका शाखा अन्तर्गत शाखा प्रमुख - सदस्य सचिव

**७. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार**

सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जोखिमको अवस्थामा रहेका बालबालिकाहरुको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकाहरुलाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) वाल अधिकार समितिसंग मिलेर जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(च) नगरपालिकाले दिएको निर्देशन पालना गर्ने,

(छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनातमक क्रियाकलाप सञ्चालन गर्ने ।

(झ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण नगरपालिकामा पेश गर्ने,

(ञ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिका, र नगरपालिकास्तरिय बाल अधिकार समितिमा पेश गर्ने,

च) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

छ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

**८. सञ्चालक समितिले गर्न नहुने कामहरु,**

सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक,**

आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि नगरपालिका स्तरिय बाल अधिकार समितिको कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणीत एवं अद्यावधिक गरी राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान नगरपालिका स्तरिय बालअधिकार अधिकार समितिको कार्यालयमा रहनेछ ।

**१०. लेखा परिक्षणः-** नगरपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय-ब्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

**११. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

२) यौनशोषण, यौन र्दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुब्यवहारबाट पिडित,

४) अपांगतामा भएका,

५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका,

७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

८) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका,

९) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,

११) सुस्त मनस्थीति भएका,

१२) अपहरण वा शरिर बन्धकमा परेका,

१३) सडक बालबालिका,

१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

१५) समितिले तोकेका अन्य बालबालिका ।

**१२. निवेदन दिन सक्नेः-**

यस कार्यविधिको ११ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी जयपृथ्वीनगर पालिकामा बसोबास गर्ने जोसुकै सरोकारवाला/ब्यक्तिले नगरपालिका स्तरिय वाल अधिकार समितिको कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१३. खाताको सञ्चालन :-**

आपतकालिन बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वा “ख” बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै सञ्चालक समितिको सदस्य (प्रमुख प्रशासकिय अधिकृत) र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

**१४. कोषको रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१५. खर्चको सिमाः-** कोषको जम्मा भएको रकम मध्य न्युनतम ५०% रकम खर्चहुनु भन्दा अगाडिनै श्रोतको खोजी गर्नुपर्नेछ । कोषकमा न्युनतम २० प्रतिशत रकम मौज्दात रहुनपर्नेछ ।

**१५. कार्यविधिको ब्याख्या तथा संशोधन** :- यस कार्यविधिमा भएका व्यबस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको ब्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक

समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसंग छलफल गरी उनीहरुको सहमतिमा संशोधन गर्न सकिनेछ ।

१६. **कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिति र नगरपालिका स्तरिय बाल अधिकार समितिको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिका स्तरिय बाल अधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

धन्यबाद ।